वेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ११ मिति : २०७४ साल चैत्र २८

**भाग-२**

# वेनीघाट रोराङ गाउँपालिका

## फोहरमैला व्यवस्थापन कार्यविधि-२०७४

### प्रस्तावना

तीव्र रुपमा बढिरहेको जनसंख्या तथा अव्यवस्थित वस्ती विकासका कारण यस गाउँपालिकामा फोहोरमैला व्यवस्थापनको कार्य चुनौतीपूर्ण हुँदै गएको छ । जसको परिणाम स्वरुप पर्यावरणीय क्षयीकरणका कारण प्रदुषण तथा प्राकृतिक सम्पदाहरु समेत विनाशको जोखिममा परेका छन् । सार्वजनिक स्थानहरु जस्तै सडक किनार, नदी किनार, शिक्षण संस्थाहरु, व्यापारिक क्षेत्रहरु तथा निजी घर परिसरहरुमा खुल्ला रुपमा फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भिर असर पार्ने खतरा बढ्दै गएको हुँदा फोहरमैलालाई स्रोतमै न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी व्यवस्थित गर्न बाञ्छनीय भएको तथा सरसफाई एवं फोहरमैला व्यवस्थापन गर्ने विषयमा नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको दीगो विकासको लक्ष्य समेत भएको सन्दर्भमा, बेनिघाट रोराङ गाउँपालिकाको विशेष गरी पृथ्वी राजमार्गको दायाँ बायाँ क्षेत्रमा भएको बढ्दो बस्ती विस्तारका कारण त्यस क्षेत्र तथा ग्रामीण क्षेत्रका वस्ती विस्तार भएका क्षेत्रमा समेत फोहरमैलाको उत्पादन तीव्र गतिमा बढोत्तरी हुँदै गएको सन्दर्भमा गाउँवासीहरुको फोहर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि गर्न, फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको संलग्नता स्थापित गर्दै फोहर संकलन देखि व्यवस्थापन सम्मका सबै कार्यहरु

सम्बन्धी पर्याप्त जानकारी  दिन, उपयुक्त र प्रभावकारी ढंगले फोहरको बर्गीकरण गर्न, औद्योगिक फोहर र प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, फोहर व्यवस्थापनमा साझेदार परिचालित गर्न तथा यस संबन्धी पर्याप्त नीतिगत तयारी र स्पष्ट कार्य योजनाको आवश्यकता देखिएकाले यस गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) दिएको अधिकार प्रयोग गरी यो फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यविधि २०७४ तर्जुमा गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१ यस कार्यविधिको नाम "बेनिघाट रोराङ गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि-२०७४" रहनेछ ।

१.२ यो कार्यविधि बेनिघाट रोराङ गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष"भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(च) "सदस्य"भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनिघाट रोराङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "विषयगत शाखा" भन्नाले गाउँपालिकाको कार्य विभाजन नियमावली २०७४ बमोजिमको विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले कार्य सम्पादन नियमावली बमोजिमका कार्यपालिकाका समितिहरुलाई सम्झनु पर्छ ।

(ञ) "कार्यविधि" भन्नाले फोहरमैला व्यवस्थापन कार्यविधि-२०७४ बुझ्नुपर्छ ।

(ट) "गाउँपालिका" भन्नाले बेनिघाट रोराङ गाउँपालिका बुझ्नुपर्छ ।

(ठ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ ।

(ड) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ढ) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ण) "रासायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा  प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी  तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

**३ निर्देशक समितिको गठन :-**

३.१ गाउँपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न गाउँपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्य - सदस्य

(ग) गाउँपालिकाका प्रमुख प्रशासशीय अधिकृत - सदस्य

(घ) बातावरण क्षेत्रका अनुभवी व्यक्तिबाट अध्यक्षले तोकेका -२ जना सदस्य

(ङ) प्रतिनिधि उद्योग वाणिज्य संघ - सदस्य

(च) प्रतिनिधि गैसस महासंघ - सदस्य

(छ) जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि - सदस्य

(ज) प्रतिनिधि खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालयका प्रतिनिधि - सदस्य

(झ) बातावरण तथा विपद् व्यबस्थापन समितिको संयोजक - सदस्य

(ड) फोहरमैला व्यवस्थापन शाखा प्रमुख वा उक्त जिम्मेवारी हर्ने कर्मचारी - सदस्य-सचिव

३.३ निर्देशक समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता महसुस भएमा व्यवस्थापन समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.४ निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

४. निर्देशकसमितिको काम, कर्तव्य र अधिकार :-

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(घ) गाउँपालिका क्षेत्रलाई पूर्ण सरसफाइयुक्त क्षेत्र वनाउन वडास्तर र गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ङ) फोहरलाई श्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आबश्यक पहल गर्ने ।

(च) बर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduse, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(छ) फोहर व्यवस्थापनमा आवश्यक परे स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(ज) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(झ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने ।

(ट) जैविक फोहरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(ठ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(ड) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत समितिको गठन गर्ने ।

(ढ) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

(ण) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(त) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणसँग संबन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

(थ) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

(द) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यबस्थापन गर्न वडातहसँग समन्वय गर्ने ।

**५. फोहोरमैला कम उत्पादन गर्ने :**

(१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२). आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्स्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, उद्योग तथा कलकारखाना क्षेत्रको परिसर, स्वास्थ्य संस्थाको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

(३) प्रत्येक घरले सेफ्टी ट्यांकी सहितको शौचालय घर संगै अनिवार्य निर्माण गर्नु पर्ने छ ।

**६. फोहोरमैलाको पृथकीकरण :**

(१) गाउँपालिकाले फोहोरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी दायित्व सम्वन्धित घरपरिवार तथा सस्थाको हुनेछ ।

(२) उपनियम (१) बमोजिम गाउँपालिकाले तोकिदिए अनुसार फोहोरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिकासँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

७. फोहोरमैलाको निष्काशन : (१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका गाउँपालिका वा सम्वन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

**८. सेवा शुल्क उठाउन सक्ने :**

(१) गाउँपालिका वा सम्वन्धित वडाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनेछ ।

(२) उपनियम (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा गाउँपालिकाले गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको शुल्क गाउँपालिका वा सम्वन्धित वडा आफैंले वा तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

(४) फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले गाउँपालिका वा सम्वन्धित वडासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्स्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ ।

(५) यस नियम बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाले सर्वसञ्चित कोषमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ ।

**९. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :**

(१) गाउँपालिकाले नियम ८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र गाउँपालिका वा सम्वन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको नियम ८ को उपनियम (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिकावा सम्वन्धित वडालाई दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले नियम ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको एकिकृत सम्पतिकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले निमय ८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

**१०. कसूरः**

कसैले देहायको कुनै काम गरेमा यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछः-

(क) गाउँपालिका वा सम्वन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन २०६८ ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन ऐन २०६८ ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न गाउँपालिकावा सम्वन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक नदी नाला वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी नियम ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

(न) चुरोट तथा सुर्तिजन्य (पान पुकार गुटका आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने ।

**११. सजाय :**

(१) नियम १० को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाले पहिलो पटक भए तीन हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा तीन हजार रुपैयाँ देखि सात हजार रुपैयाँ सम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदाँ लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) नियम १० को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(३) नियम १० को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) नियम १० को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिबाना गरी अनुमति नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(५) नियम १० को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ।

(६) नियम १० को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) नियम १० को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) नियम १० को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(९) नियम १० को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई अध्यक्षले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना सजाय गर्न सक्नेछ।

(१०) नियम १० को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई अध्यक्षले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा फोहरमैला व्यबस्थापन ऐन २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(११) नियम १० को खण्ड (थ), (ध) र (न)बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ र जरिबाना गर्न सक्नेछ सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ।

**१२. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने :**

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि गाउँपालिका वा सम्वन्धित वडाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**१३. स्वास्थ्य संस्था जन्य फोहरमैलाको व्यवस्थापन** :

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

**१४. रासायनिक विषादी सम्बन्धी व्यवस्था :**

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

**१५. पुरस्कार दिन सकिने :**

(१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिका वा सम्वन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई गाउँपालिका वा सम्वन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ।

आज्ञाले,
हर्ष बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत